☎०७८-४१०१२७
४१०१२८

# मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

मितिः२०८०/०४/२६

प.सं. ०८०/८१
च.नं. ३६

श्री सम्पूर्ण वडा कार्यालयहरु, मध्यविन्दु नगरपालिका।
श्री वडा स्तरीय युवा क्लब (१६-२४ उमेर समूह) मध्यविन्दु नगरपालिका।
श्री वडा शिक्षा समिति, मध्यविन्दु नगरपालिका।

**विषयः अन्तरराष्ट्रिय युवा दिवस मनाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार प्रथम चरणमा मध्यविन्दु नगरपालिका भित्र संचालित सम्पूर्ण विद्यालयको १०० मिटर वरिपरी मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरण नगर्ने नगराउने तथा नगर भित्र विद्यालय उमेर समुहका १८ वर्ष उमेर भन्दा साना बालबालिकालाइ मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरण नगर्ने नगराउने निर्णय भएको तथा *"दिगो विकासको लक्ष्य प्राप्तिमा युवाको साथः नवप्रवर्तन र उधमशिलतामा हरित सीप विकासः* भन्ने नाराका साथ मनाउन लागिएको अन्तराष्ट्रिय युवा दिवस (अगस्ट-१२) को अवसरमा मध्यविन्दु नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आयोजना, जिल्ला युवा समितिको तथा नगर स्तरीय युवा संजालको सहकार्यमा मध्यविन्दु नगरपालिका वडा नं. १० मा मिति २०८०/०४/२५ गते अरुणखोलामा सो सम्बन्धमा सचेतनामुलक -याली संचालन गरिएको व्यहोरा सर्वविदितै छ ।

यसै सन्दर्भमा भोलि मिति २०८०/०४/२७ गते शनिवारको दिन सवै वडामा वडाअध्यक्ष, वडासदस्यहरु, वडा शिक्षा समितिका पदाधिकारीको उपस्थितिमा उक्त वडामा गठन भएको वडास्तरीय युवा क्लब (१६-२४) मार्फत मध्यविन्दु नगरपालिका भित्र संचालित सम्पूर्ण विद्यालयको १०० मिटर वरिपरी मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरण नगर्ने नगराउने तथा नगर भित्र विद्यालय उमेर समुहका १८ वर्ष उमेर भन्दा साना बालबालिकालाइ मदिरा तथा सुर्तीजन्य पदार्थ विक्री वितरण नगर्ने नगराउने सम्बन्धमा सचेतनामुलक र्यालीको आयोजना गर्नको लागी सम्पूर्ण वडास्तरीय युवा क्लबका पदाधिकारीहरु, वडा समिति तथा वडा शिक्षा समितिका पदाधिकारीहरुलाई अनुरोध छ। साथै भोलि संचालन हुने सचेतनामुलक -यालीमा तत् तत् वडामा रहेका सम्पूर्ण वडास्तरीय युवाक्लबका पदाधिकारीहरुलाइ खवर गरी कार्यक्रम संचालन गर्नुहुन समेत अनुरोध छ । उक्त सचेतनामुलक कार्यक्रम संचालन गर्न आवश्यक पर्ने व्यानरको व्यवस्थापन शिक्षा युवा तथा खेलकुद शाखाबाट युवा क्लवका पदाधिकारीलाइ वितरण भैसकेको व्यहोरा समेत अनुरोध छ ।यो कार्यक्रमको लागी आवश्यक पर्ने सुचनाको ढाचा समेत वडाको इमेलमार्फत पठाईएको छ सोहि सूचनालाइ आधारमानि सूचना प्रकाशन गरी आवश्यक ठाउमा टाँस गर्ने व्यवस्था मिलाउनुहुन समेत अनुरोध छ ।

कृष्ण प्रसाद शर्मा
शिक्षा अधिकृत
०८/२६

**अवगतार्थः**

श्री नगरप्रमुखको सचिवालय, मध्यविन्दु नगरपालिका ।
श्री नगर उपप्रमुखको सचिवालय, मध्यविन्दु नगरपालिका ।

बोधार्थः

श्री अरुणखोला प्रहरी चौकी, अरुणखोला ।
श्री तमसरिया प्रहरी चौकी, चोरमारा ।
श्री कोल्हुवा प्रहरी चौकी, कोल्हुवा ।
श्री नगर प्रहरी युनिट, मध्यविन्दु नगरपालिका ।

अन्तराष्ट्रिय युवा दिवसको अवसरमा मध्यविन्दु नगरपालिकामा रहेका विभिन्न वडाका सम्पर्क व्यक्ति

| वडा नं | नाम | फोन नं. |
|---|---|---|
| १ | दिनेश महतो | ९८१७४७२१०५ |
| २ | कमला थापा मगर | ९८६६१४३५५६ |
| ३ | मान बहादुर महतो (वडा अध्यक्ष) | ९८१२९२३९६७ |
| ४ | साजन चौधरी | ९८४२०१७९३५ |
| ५ | प्रकाश रेग्मी | ९७४६४१८८३७ |
| ६ | असिम भण्डारी | ९८००७९०८४८ |
| ७ | संकल्प बस्याल | ९८४८६३२६२४ |
| ८ | उर्मिला नेपाली | ९८२१४५६५४३ |
| ९ | अनिसा गाहा | ९८१४४१६१५३ |
| १० | रण बहादुर थापा (वडा अध्यक्ष) | ९८४७०८०७२४ |
| ११ | प्रकृति पंगेनी | ९८६५५२३३४१ |
| १२ | शंकर गैरे | ९८६४४७२१७७ |
| १३ | टेक बहादुर खाम्चा | ९८२५४३४३२५ |
| १४ | विनि पेमी | ९७६२२४०८३२ |
| १५ | शर्मिला विश्वकर्मा | ९८६७७९१९६८ |

थप आवश्यक भएमा: प्रकाश रेग्मी (नगर संजाल सदस्य सचिव) ९७४६४१८८३७